# प्रेस विज्ञप्ति

## नगर कार्यपालिका कार्यालयको कार्यकारीणी समितिको दोस्रो बैठक सम्पन्न

२०७४ असार ७

व्यास नगर कार्यपालिकाको दोस्रो बैठक २०७४ असार ७ गते सम्पन्न भएको छ । नियमित रुपमा सम्पन्न सो बैठकबाट प्रमुखरुपमा निम्नानुसारका निर्णयहरु भएका छन् ।

१. राज्य पूर्नसंरचना भएपश्चात् सम्पन्न भएको स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचित जनप्रतिनिधिहरुको पहिलो नगर सभा यही २०७४ असार २५ गते आइतवार पर्न गएको, **व्यास अवतरण दिवस (गुरु पूर्णीमा)** का दिन शुभारम्भ गर्ने ।

२. चालु आ.व. र आगामी आ.व. को लागि यस अघिको नगरपरिषद्बाट पारित बजेट, नीति तथा कार्यक्रमहरु उपर बृहद् रुपमा समीक्षा गर्दै परिवर्तित समय अनुसार स्थानीय तहको आवश्यकता र औचित्यता हेरी संशोधन एवं नयां योजना समावेश समेत गर्ने गरी सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा टोलस्तरबाट नै योजना छनौट गरी वडा समितिबाट प्राथमिकता निर्धारण गरी २०७३ असार १५ गते सम्म नगर कार्यपालिकामा पेश गर्न जिम्मा दिइयो ।

३. यस नगरपालिकाको दैनिक सेवा प्रवाहलाई सहज गराउन, योजना तर्जुमा प्रक्रियालाई समावेशी, समानुपातिक एवं पारदर्शी गराउन तथा आन्तरिक आयलाई मजबुत गराउँदै नगरको समुन्नत विकासमा टेवा पुर्‍याउने उद्देश्यले नगर प्रमुखको अध्यक्षतामा राजश्व परामर्श समिति एवं नगर उपप्रमुखको अध्यक्षतामा बजेट तथा योजना तर्जुमा समिति र योजना अनुगमन तथा जाँचपास समिति गठन गरियो ।

४. व्यास नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४ स्वीकृत गरियो । साथै जनप्रतिनिधिहरुको आचार संहिताको मस्यौदा अध्ययन गरी आवश्यकता अनुसार संशोधन सहित पारित गर्ने कार्यका लागि आगामी नगर सभामा पेश गर्ने ।

५. पवित्र धार्मिक स्थलका रुपमा परिचित यस नगरपालिका महर्षि व्यास ऋषिको जन्मभूमि एवं पराशर ऋषिको तपोभूमिका रुपमा प्रसिद्ध छ । २०७४ असार २५ गते पर्न गएको व्यास अवतरण दिवस (गुरु पूर्णीमा) यस नगरपालिकाको आयोजनामा बिहान ७.०० बजे प्रभातफेरी सहित भव्य रुपमा मनाउने र यसलाई हरेक वर्ष नगरपालिका कै आयोजनामा निरन्तरता दिने ।

(मेघनाथ आचार्य)
प्रवक्ता
व्यास नगरपालिका